खरिद एकाइ

**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**

**प्रधान कार्यालय**
**सामान्य सेवा विभाग**

# नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय परिसरभित्र रहेका पुराना मालसामान लिलाम बिक्री गर्ने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रकाशित मिति : २०८२/०७/०९)**

यस बैंकको नाममा रहेको पुराना मालसामान खरिद गर्न इच्छुक सङ्गठित संस्था/फर्म वा व्यक्तिले के-कति मूल्य तिरी लिने हो मूल्य खोली यस बैंकबाट उपलब्ध गराइएको दरभाउपत्र फाराम भरी बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागमा सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिएको छ।

**तपसिल**

१. पुराना स्थिर सम्पत्ति कुल न्यूनतम लिलामी (बिक्री) मूल्य रु. ३,१७,९२५।७५ (अक्षरुपी तीन लाख सत्र हजार नौ सय पच्चीस र पैसा पचहत्तर मात्र।) तोकिएकोले उल्लिखित मूल्यभन्दा घटी रकमका दरभाउपत्र स्वीकार गरिनेछैन। स्वीकार गरिएका लिलामी सामानहरू एकमुष्ट रूपमा लैजानुपर्नेछ।

२. दरभाउपत्र फारामका लागि गोरखापत्रमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात् मिति २०८२।०७।२३ गते आइतबार कार्यालय समयभित्र यस विभागबाट दरभाउपत्र फाराम प्राप्त गरी वा यस बैंकको वेबसाइट (www.nepalbank.com.np) बाट डाउनलोड गरी भर्नुपर्नेछ। दरभाउपत्र फाराम बैंकमा पेश गर्दा दरभाउपत्र फाराम दस्तुर बापत रु. १,०००।- (पछि फिर्ता नहुने गरी) यस बैंकको काठमाडौँ बैंकिङ अफिसको हिसाब नं. ००२००१०६७११२८३००००००१ - NBL TENDER/SEAL QUOTATION/ LISTING मा जम्मा गरेको सक्कल भौचर अनिवार्य रूपमा दरभाउपत्र कागजातसँगै पेश गर्नुपर्नेछ।

३. दरभाउपत्र पेश गर्दा खाम बाहिर सिलबन्दी दरभाउपत्र भनी उल्लेख गर्नुपर्नेछ।

४. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ। फर्म/कम्पनीले खरिद गर्दा सो फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नं. (प्यान नं.)/VAT प्रमाणपत्र तथा आ.व. २०८०।८१ सम्मको कर चुक्ता/दाखिला प्रमाणको प्रतिलिपि पेश गर्नुपर्नेछ।

५. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औँ दिन अर्थात् मिति २०८२।०७।२४ गते बिहान ११:३० बजेसम्म दर्ता भएका दरभाउपत्र सोही दिनको १२:३० बजे दरभाउपत्र दाताहरू वा निजका प्रतिनिधिहरूको रोहबरमा यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागमा खोलिनेछ। दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र खोल्ने दिन सार्वजनिक बिदा परी कार्यालय बन्द रहेमा सोको भोलिपल्ट सोही समयमा खोलिनेछ।

६. दरभाउपत्रसाथ आफूले कबोल गरेको रकमको २.५० (दुई दशमलव पाँच शून्य) प्रतिशतले हुने बराबरको रकम यस बैंकको काठमाडौँ बैंकिङ अफिस, प्र.का. हिसाब नं. ००२००१०६७११२८००००००१ मा नगदै जम्मा वा कम्तीमा ३ महिनाको म्याद भएको "क" वर्गको अन्य वाणिज्य बैंक (नेपाल बैंक बाहेक)को बिडबन्ड धरौटी बापत पेस गर्नुपर्नेछ।

७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। सोको कारण दरभाउपत्र दातालाई दिइनेछैन।

८. पुराना मालसामानहरू हेर्न चाहनेले यस विभागमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ। दरभाउपत्र स्वीकृत भएको जानकारी दिएको १५ दिनभित्र आफूले कबुल गरेको सम्पूर्ण रकम जम्मा गरी एकमुष्ट रूपमा पुराना मालसामान लिएर जानुपर्नेछ। उल्लिखित समयभित्र बाँकी रकम जम्मा गरी सामान नलगेमा धरौटी बापतको रकम जफत हुनेछ।

९. रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा न्यूनतम मूल्यभन्दा घटी मूल्य अङ्कित भएको वा शर्तहरू राखी पेश भएको दरभाउपत्रहरू उपर कुनै कारबाही हुनेछैन। दरभाउपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरू स्पष्ट रूपमा केरमेट नगरी लेख्नुपर्नेछ। कबोल गरेको रकमको अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

१०. बिना धरौटी वा कम धरौटी वा नियम विपरीत भई प्राप्त हुन आएका दरभाउपत्रहरू स्वतः रद्द हुनेछ। दरभाउपत्र दर्ता भएपछि फिर्ता हुनेछैन। दरभाउपत्र सम्बन्धी अन्य शर्तहरू दरभाउपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

११. सिलबन्दी दरभाउपत्र पेश गर्दा उल्लिखित सामानहरूको एकमुष्ट सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ। दरभाउपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको सम्पूर्ण दरभाउपत्र फाराम (नियम एवं शर्त सुविधा र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नुपर्नेछ। दरभाउपत्र फारामको प्रत्येक पानाको अन्त्यमा दरभाउपत्र दाताले अनिवार्य रूपमा दस्तखत गरी कम्पनी/फर्म/संस्थाको हकमा छाप समेत लगाएको हुनुपर्नेछ।